# आकाशवाणी समाचार- नेपाली

मितिः २१ मार्च २०२५

समयः ०७.२५ – ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले विकसित भारत निर्माणको दिशामा पहिलो कदमको रुपमा गाउँहरुको विकास हुनुपर्ने कुरामा जोड दिनु भएको छ ।

- विदेशमन्त्री डा. एस. जयशंकरले हिज नयाँ दिल्लीमा बोलीवियाका विदेशमन्त्री सेलिंडा सोसा लुंडासँग द्विपक्षीय सहयोगमा व्यापक चर्चा गर्नुभयो।

- वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले ४५० अर्ब डलरको सेवा निर्यात लक्ष्य हासिल गर्न सरकार र सूचना प्रविधि क्षेत्रबाट सामूहिक प्रतिबद्धताको लागि आह्वान गर्नुभएको छ।

- इजरायलले गाजामा सैन्य आक्रमण पुनः सुरु गरेपछि हमासले हिज इजरायलको दोस्रो ठूलो शहर तेल अभिभमा रकेट प्रहार गरेको छ।

- पेंशन निधि विनियामक अनि विकास प्राधिकरण-पीएफआरडीए ले एकीकृत पेंशन योजना-यूपीएस को क्रियान्वयन का लागी अधिसूचना जारी गरेको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले विकसित भारत निर्माणको दिशामा पहिलो कदमको रुपमा गाउँहरुको विकास हुनुपर्ने कुरामा जोड दिनु भएको छ । भारवाड समुदायसँग सम्बन्धित गुजरातको बावलियाली धाममा आयोजित एक कार्यक्रममा एक भिडियो सन्देशमा श्री मोदीले सामूहिक प्रयासको महत्व उल्लेख गर्नुभयो र लाल किल्लाबाट आफ्नो भनाइ दोहोर्याउनुभयो कि सबैको प्रयास देशको सबैभन्दा ठूलो शक्ति हो। प्रधानमन्त्रीले समुदायको सशक्तीकरणका लागि शिक्षामा अत्याधुनिक दृष्टिकोणको महत्वमा जोड दिनुभयो । श्री मोदीले बालकहरू र विशेष गरी बालिकाहरूलाई शिक्षामा उत्कृष्टता हासिल गर्न र एक बलियो समाजमा योगदान गर्न आह्वान गर्नुभयो । उहाँले भारवाड समुदायको सेवाप्रतिको समर्पण, प्रकृतिप्रतिको प्रेम र गौरक्षाप्रतिको प्रतिबद्धताको प्रशंसा गर्नु भयो । खुट्टा र मुखको रोगसँग जुध्नका लागि सरकारले सञ्चालन गरेको पशुपक्षी निःशुल्क खोप कार्यक्रमको उल्लेख गर्दै श्री मोदीले समुदायलाई आफ्ना गाईवस्तुको नियमित खोप सुनिश्चित गर्न पनि आग्रह गर्नु भयो । पशुपालन का लागि किसान क्रेडिट कार्डको सुरुवातको उल्लेख गर्दै श्री मोदीले भन्नु भयो यसले व्यवसाय बढाउनको लागि कम ब्याज दरमा ऋण प्राप्त गर्न मद्दत गरिरहेको छ। देशी गाईगोरुको संरक्षणको महत्वमा जोड दिँदै प्रधानमन्त्री मोदीलेले राष्ट्रिय गोकुल मिसन लाई संरक्षण र संवद्र्धनका लागि महत्वपूर्ण पहलको रुपमा उल्लेख गर्नु भयो । श्री मोदीले यसलाई धरती माताको स्वास्थ्य सुधार गर्ने एक तरिकाको रूपमा वर्णन गर्नु भयो जुन अत्यधिक दोहन र रसायनहरूको प्रयोगबाट प्रभावित भएको छ। प्राकृतिक खेतीको महत्वमा जोड दिँदै प्रधानमन्त्री मोदीले भूमिको पुनरुत्थानका लागि यसलाई अंगीकार गर्न समुदायलाई आह्वान गर्नु भयो । उहाँले भारवाड समुदायलाई सरकारका योजनाहरूको पूर्ण लाभ लिन आग्रह गर्नु भयो । भारवाड समुदायको सेवामा समर्पणको सराहना गर्नु हुदै प्रधानमन्त्री मोदीले मृदा शक्ति उर्वर बनाउन गोबरको प्रयोग गर्न आह्वान गर्नु भयो । ऐतिहासिक

महाकुम्भको आयोजना प्रति अपार खुशी र गर्व व्यक्त गर्दै श्री मोदीले यस पावन अवसरमा महन्त श्री राम बापू जीलाई महामण्डलेश्वरको उपाधि प्रदान गरिएको स्मरण गर्दै यसलाई एक ठूलो उपलब्धि र सबैका लागि खुशीको विषय को रूपमा वर्णन गर्नु भयो।

****** ० ******

**जयशंकर-बोलीविया विदेश मंत्री**

विदेशमन्त्री डा. एस. जयशंकरले हिज नयाँ दिल्लीमा बोलीवियाका विदेशमन्त्री सेलिंडा सोसा लुंडासँग द्विपक्षीय सहयोगमा व्यापक चर्चा गर्नुभयो। यस अवसरमा दुवै पक्षले द्रुत प्रभाव परियोजनाहरूमा सम्झौतामा हस्ताक्षर गरे। डा. जयशंकरले एक सामाजिक सञ्जाल पोस्टमा  ला पाजमा नयाँ भारतीय दूतावासको हालैको उद्घाटनले भारत र बोलिभिया बीचको साझेदारीलाई अझ गहिरो बनाउने संकल्पलाई प्रतिबिम्बित गरेको छ भनि बताउनु भयो। उहाँले द्रुत प्रभाव परियोजनाहरूको सम्झौता त्यही दिशामा अर्को कदम रहेको पनि बताउनुभयो।

****** ० ******

**गोयल - नैसकॉम**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले ४५० अर्ब डलरको सेवा निर्यात लक्ष्य हासिल गर्न सरकार र सूचना प्रविधि क्षेत्रबाट सामूहिक प्रतिबद्धताको लागि आह्वान गर्नुभएको छ। नयाँ दिल्लीमा आयोजित NASSCOM ग्लोबल समिट-२०२५ को उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुदै उहाँले २०२५-२६ मा भारतको सेवा निर्यातले व्यापारिक निर्यातलाई पर गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो, जसमा सूचना प्रविधि क्षेत्र सबै भन्दा अघि हुनेछ। श्री गोयलले यस वर्ष सेवा निर्यात ३८० अर्ब डलरबाट बढेर ३८५ अर्ब डलर पुग्न सक्ने बताउनुभयो। जसले भारतको विश्वव्यापी उपस्थितिलाई अझ बलियो बनाउनेछ। उहाँले सूचना प्रविधि, पर्यटन, व्यापार लेखा र वित्तीय सेवाहरूमा एमएसएमईहरूको द्रुत वृद्धिको उल्लेख गर्नुभयो र यी क्षेत्रहरूमा उच्च रोजगारी सिर्जनाको सम्भावनामा जोड दिनुभयो। श्री गोयलले देशको विशाल प्रतिभा पूलको उपयोग गरेर विश्वव्यापी क्षमता केन्द्रहरूलाई भारतमा आकर्षित गर्नुपर्ने आवश्यकतामा पनि जोड दिनुभयो।

****** ० ******

**उत्तराखण्ड - चार धाम यात्रा**

उत्तराखण्डमा चार धाम यात्राको लागि दर्ता हिजदेखि सुरु भएको छ। यस वर्ष दर्ता आधार कार्ड मार्फत प्रमाणित गरिनेछ र भक्तजनहरूले दर्ताको समयमा आफ्नो आधार कार्ड विवरणहरू प्रदान गर्नुपर्नेछ। तीर्थयात्रीहरूलाई कुनै असुविधा नहोस् भनेर कुल दर्तामध्ये ६० प्रतिशत अनलाइन हुनेछ भने ४० प्रतिशत अफलाइन हुनेछ। यस प्रक्रियालाई सहज बनाउन, हरिद्वार र ऋषिकेश लगायतका यात्रा मार्गहरूमा दर्ता केन्द्रहरूको संख्या बढाइनेछ। तीर्थयात्रीहरूले registrationandtouristcare.uk.gov.in मा अनलाइन दर्ता गर्न सक्छन्। भक्तजनहरूको सुविधाको लागि, पर्यटन विभागले यस वर्ष यात्राको ४० दिन अगाडि अनलाइन दर्ता प्रक्रिया सुरु गरेको छ।

****** ० ******

**भाजपा-व्हिप**

भाजपाले आफ्नु लोकसभा सदस्यहरुलाई व्हिप जारी गर्दै आज तल्लो सदनमा उपस्थित रहने निर्देश दिएको छ। केन्द्रीय बजेटको सम्बन्धमा विभिन्न मन्त्रालयहरूको अनुदानको मागमा सदनले गिलोटिन लागू गर्ने योजना बनाएकाले ह्वीप जारी गरिएको स्रोतले बताएका छ।

****** ० ******

**जयशंकर-राष्ट्रमंडल महासचिव**

विदेशमन्त्री डा. एस. जयशंकरले हिज साँझ नयाँ दिल्लीमा राष्ट्रमण्डलका महासचिव-निर्वाचित तथा घानाका पूर्व विदेशमन्त्री शर्ली अयोरकोर बोचवेलाई स्वागत गर्नुभयो। डा. जयशंकरले राष्ट्रमण्डल राष्ट्रहरूको लागि भारतको दृष्टिकोण साझा गर्नुभयो र यो अझ उद्देश्यपूर्ण, समकालीन, कुशल, पारदर्शी र सदस्य देशहरूको विचार प्रतिबिम्बित हुने

आशा व्यक्त गर्नुभयो।

****** ० ******

**इज़राइल-हमास संघर्ष**

इजरायलले गाजामा सैन्य आक्रमण पुनः सुरु गरेपछि हमासले हिज इजरायलको दोस्रो ठूलो शहर तेल अभिभमा रकेट प्रहार गरेको छ। इजरायल रक्षा बलले एउटा रकेटलाई रोकेएको र अन्य दुईवटा निर्जन क्षेत्रमा झरेको बताएको छ। यसैबीच, गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले मंगलबारदेखि ५०० जनाको मृत्यु हुनुका साथै मध्यरातदेखि इजरायली हवाई आक्रमणमा कम्तीमा ८५ प्यालेस्टिनीको मृत्यु भएको बताएको छ। मन्त्रालयले नयाँ आक्रमणमा १३३ जना घाइते भएको बताएको छ। जनवरीमा भएको युद्धविरामपछि पहिलो पटक इजरायली सेना गाजामा प्रवेश गरेको छ र यस क्षेत्रलाई दुई भागमा विभाजन गर्ने प्रमुख करिडोर कब्जा गरेको छ। इजरायली सरकारले आफ्ना ५९ नागरिक अझै पनि हमासद्वारा बन्धक रहेको दाबी गरेको छ। यी मध्ये २४ जना बाँच्ने अपेक्षा गरिएको छ। इजरायल-हमास द्वन्द्वले मानवीय सहायता पनि प्रभावित भएको छ। संयुक्त राष्ट्र संघ राहत तथा कार्य एजेन्सीका प्रमुख फिलिप लेज़ारिनीले हालैका आक्रमणहरूमा एजेन्सीका पाँच कर्मचारी पनि मारिएको पुष्टि गर्नुभएको छ। मध्यपूर्वका लागि संयुक्त राष्ट्रसंघका सहायक महासचिव खालेद खियारीले यस क्षेत्रमा भइरहेको नयाँ हिंसाले बन्धक रिहाइको प्रयासलाई दिन प्रतिदिन जटिल बनाउँदै लगेको बताउनु भएको छ।

****** ० ******

**सरकारी यूपीएस**

पेंशन निधि विनियामक अनि विकास प्राधिकरण-पीएफआरडीए ले एकीकृत पेंशन योजना-यूपीएस को क्रियान्वयन का लागी अधिसूचना जारी गरेको छ। यसअघि, केन्द्र सरकारको राष्ट्रिय पेन्सन प्रणाली (NPS) अन्तर्गत पर्ने कर्मचारीहरूको लागि यस वर्ष जनवरीमा एक अधिसूचना जारी गरिएको थियो। PFRDA ले एकीकृत पेन्सन योजनासँग सम्बन्धित नियमहरू अर्को महिनाको १ तारिखदेखि लागू हुने बताएको छ| यी नियमहरू केन्द्र सरकारका कर्मचारीहरूको तीन श्रेणीको नामांकनको लागि प्रभावकारी हुनेछन्। यस योजना अन्तर्गत, 1 अप्रिल, 2025 सम्म सेवा गरिरहेका केन्द्रीय सरकारको NPS कर्मचारीहरू, 1 अप्रिल, 2025 मा वा त्यसपछि केन्द्रीय सरकारको सेवामा भर्ना भएका कर्मचारीहरू र NPS अन्तर्गतका कर्मचारीहरू जो 31 मार्च, 2025 मा वा सोभन्दा अघि सेवानिवृत्त भएका छन् वा स्वैच्छिक अवकाश लिएका छन् वा नियम 56 (J) अन्तर्गत राहत पाएका छन्, यस योजनाको लागि योग्य छन्।कानुनी रूपमा विवाहित पति/पत्नीहरू अवकाशप्राप्त भइसकेका वा एकीकृत पेन्सन योजना रोज्नु अघि मृत्यु भइसकेका कर्मचारीहरू पनि यस योजनाको लागि योग्य छन्। केन्द्र सरकारका कर्मचारीहरूको यी सबै वर्गहरूको लागि नामांकन र दाबी फोरमहरू 1 अप्रिल देखि प्रोटिन CRA को वेबसाइट - npscra.nsdl.co.in मा अनलाइन उपलब्ध हुनेछन्। कर्मचारीहरूले भौतिक रूपमा पनि फोरम बुझाउन सक्छन्।

****** ० ******

**आईओसी अध्यक्ष**

जिम्बाब्वेकी क्रिस्टी कोवेन्ट्री अन्तर्राष्ट्रिय ओलम्पिक समिति (आईओसी) को अध्यक्षमा निर्वाचित भएकी छन्। ४१ वर्षीया क्रिस्टी आईओसीको इतिहासमा पहिलो महिला अध्यक्ष हुन्। ग्रीसमा सम्पन्न आईओसीको १४४ औं अधिवेशनमा उनी अध्यक्षमा निर्वाचित भएकी हुन्। क्रिस्टी कोभेन्ट्रीले नवौं आईओसी अध्यक्ष थोमस बाखको स्थान लिनेछिन्, जसको १२ बर्षको कार्यकाल आधिकारिक रूपमा जुन २३ मा समाप्त हुँदैछ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) का अध्यक्ष जय शाहले आईओसीको अध्यक्ष मा निर्वाचित भएकोमा क्रिस्टी कोवेन्ट्रीलाई बधाई दिनु भएको छ।

****** ० ******